# हाम्रो अभिमत

विक्रमको बीसौ शताब्दीका स्मरणीय नेपाली साहित्यिक प्रतिभामध्ये मोतिराम भट्ट अग्र पङ्क्तिमा देखा पर्छन् । उनको नामसाग 'भानु' नजोडिएको भए पनि उज्यालो पाउन नसकेको नेपाली साहित्यका लागि सााच्चैका 'भानु' हुन् । उनी नजन्मेका भए साहित्यको स्थिति कस्तो हुने थियो भनी आज कल्पना गर्न सकिन्न । तर यतिचाहि निश्चित थियो कि अहिले लेखिएको इतिहास अवश्य हुने थिएन । यो नहुनुले कस्तो इतिहास निर्माण गर्थ्यो ? भन्न सकिन्न ।

जेहोस् मोतिरामको उपस्थितिबाट नेपाली साहित्यले एउटा नयाा दिशा र गति प्राप्त गर्‍यो । भक्ति परम्परामा अन्ध तालले लागेको साहित्यलाई त्यसबाट मुक्ति दिएर शृङ्गारतर्फ मोड्ने प्रतिभा उनै हुन् । तत्कालीन समय र समाजको उपज हो यो । तत्कालीन शासकीय परिवेशले यसलाई जन्माउन र मलजल गरी हुर्काउनमा प्रशस्त भूमिका निर्वाह गरेको छ । यद्यपि वर्तमानको चस्मा लगाएर हेर्ने हो भने त्यसले समाज र राष्ट्रलाई अगाडि लानुको सट्टा पछाडि धकेलेको अवश्य हो । गतिलाई अवरुद्ध गरी मोड्ने काम गरेको पनि अवश्य हो । तर तत्कालीन समयमा आजको आग्रहले काम नगर्ने सन्दर्भलाई स्मरण गरी हेर्ने हो भने साहित्यिक परम्पराको क्रमभङ्ग हुने क्रम सुरू भएको हो । नेपाली मानसिकतामा वर्षौदेखि जरा गाडेर बसेको भक्ति -परम्परा मोतिरामको समयदेखि साहित्यमा दोस्रो प्राथमिकतामा पर्नु तत्कालीन समयका लागि नौलो रहेको हुन सक्ने कल्पना गर्न सकिन्छ । यो साहसिक कदम भयो होला । यस हिसाबले मोतिराम साहसिक युग प्रवर्तक साहित्यकार थिए । यसका साथै आध्यारो कुनामा थन्किएर बसेका भानुभक्तलाई प्रकाशित गर्नेलगायतका महत्त्वपूर्ण काम गरे ।

बहुमुखी प्रतिभाका धनी र अल्पअवधि बााचेका मोतिरामहरुको अभाव तत्कालीन समयमा जति थियो, वर्तमानमा त्यतिकै छ । यो किन पनि जरूरी भइसकेको छ भने हिजोका मोतिरामले एकजना भानुभक्तको खोजी गरी प्रकाशमा ल्याउादा नेपाली साहित्यभण्डार यति विधि समृद्ध बन्नमा योगदान पुगेको छ भने आजभोलि थुप्रैथुप्रै भानुभक्तहरु आध्यारो कुनामा थन्किएर बसेका छन् । उपेक्षितावस्थामा बसेका तिनले न्यानो पारिलो घाम पाउन मोतिरामका एकभन्दा बढी संस्करणहरुको खााचो छ । त्यति बेला एकजना मोतिरामले एकजना भानु जन्माए । अहिले प्रशस्त भानु जन्माउन प्रशस्त मोतिरामको खााचो छ । नभए नेपाली साहित्यको इतिहास त्यस्तो निर्माण नहुन सक्छ, जस्तो हुनुपर्थ्यो । मोतिरामहरुको अभावमा इतिहासलाई आआफ्नोअनुकूल घुम्ती प्रदान गर्ने कार्य भइरहेको छ ।

उनै मोतिरामले सुरू गरेका साहित्यिक मण्डली स्थापना गर्ने परम्परा झाङ्गिएर थुप्रै आध्यारा कुना निर्माण भएका छन् । साहित्यको उन्नति -प्रगतिका लागि उनले सुरू गरेको यस परम्परामा थुप्रै नेपथ्य -मञ्च निर्माण भए । त्यसले गर्दा एकले अर्कालाई भरथेग गरी टेवा दिनुपर्ने संस्कारमा स्खलन आइसक्यो । परिणामतः कोपिलावस्थामा जरैसमेत उखेल्न सक्नेको बहादुरी प्रमाणित भएर पुरस्कृत सम्मानित हुने नवीनतम रुप जन्मिएको छ । जसले जति बढी उखेल्न सक्यो उसको उचाइ उति थपिने रोगले ग्रसित मानसिकताको परिष्कृतिका लागि समेत आज मोतिरामहरुको आवश्यकता स्वतः सिद्ध देखिएको हो । यसरी नेपाली साहित्यको विविध पाटोलाई होस्टेमा हैसे गरी उचाल्नका लागि मोतिरामहरुको आवश्यकता परेको हो । यस महाअभियानमा जुट्दै जाने हो कि ? र क्रमभङ्ग गर्दै कम्तीमा एउटा -एउटा नयाा बाटो खन्दै जाने हो कि ?

प्रधान सम्पादक

# यहा मौन रहेका छन्

शिला पन्त<br>
काठमाडौ

सेवा स्वार्थका लागि<br>
दान स्वार्थका लागि<br>
धर्म देखावटी आडम्बरका लागि ।

त्यसैले अब यहाा<br>
सेवा, दान, धर्म र आचरण<br>
सबै बन्धक भइरहेका छन्<br>
यहााका यस्तैयस्तै खेलहरु देखेर<br>
सोझासीधा जनता अलमलमा छन् ।

मन र मुटु सबैसाग छ<br>
तर ती मन र मुटुहरुले<br>
आफ्नो संसार सृजना गर्न<br>
अरुमा माया र करूणा भर्न पनि<br>
पाइरहेका छैनन्<br>
कस्तो विडम्बना □<br>
यो देखेर अब त मन्दिरका देवीदेवता पनि<br>
अन्तै बसाइ सर्लान् जस्तो छ ।

मलाई अचम्म लाग्छ ।

देश र समाजकै अगुवा संरक्षक हु भन्नेहरुले
देशलाई नै च्याखे थापेर भए पनि
दाउ हान्न तयार छन्
विद्वान् र बुद्धिमान् हु भन्नेहरु
बुझ पचाएर रमिते बनेका छन्
त्यसैले आज सोझासीधा जनता
झन् अलमलको भुमरीमा परेका छन् ।

## अतृप्त भावचित्र

लक्ष्मी उप्रेती
(२०१५ आठराई, ताप्लेजुङ)
शिक्षा : स्नातक
प्रकाशित कृति : १ दर्जनभन्दा बढी
सम्पादन : वनिता, त्रैमासिकसहित करिब १ दर्जन
पुरस्कार : आधा दर्जनभन्दा बढी
संलग्नता : १ दर्जनभन्दा बढी संस्था

यात्राका लागि म जुट्छु
मनको आाखामा
अनायासै
तरङ्गित हुन्छ एउटा चित्र
क्यानभासमा उतार्न सक्ने
एउटा मनोरम दृश्य ।

एउटा यात्राको क्षण
हुस्सु र कुइरोको परिवेश
बाटोमुनिको धरातल
समुद्री छाल उम्लादो छ, बग्दो छ
तरेली-तरेलीमा आकृति फेर्दै
सुन्दर छवि भ्रममा फैलादो छ ।

उफ् □
समयले छलेको त्यो सुन्दर दृश्य
आाखामा गाासिरह्यो
अतृप्त भावचित्र बनी ।

## कवित्व

प्रतिमा श्रेष्ठ
बुद्धनगर, काठमाडौा

किन मर्छ कवि आफ्नै वेदनामा
खोज्दै अस्तित्वको शून्य चेतनामा ।

भावनाको तरङ्ग गर्दा तलमाथि
सगरको सागरमा आत्माको साथी ।

अक्षरको असिना जब थाल्छ बर्सन
शाश्वत मनले भेट्छ जीवनको दर्शन ।

आफै खोजी भेटाउाछ सिपीभित्र मोती
अन्धकारको साम्राज्यमा अखण्डको ज्योति ।

## ओरालो ओर्लिरहेको ऊ

मुरारि पराजुली
बुटवल



अहङ्कारको जंगी पोसाकमा
घुम्दै थियो
यही चौरस्तामा एक खुनी आकृति
कोमल फूलहरुलाई भद्दा हातहरुले छुादै
र पुरातन गह्लागा बुटले
मान्छेका विश्वासहरुलाई कुल्चादै
रहरको पखाला चलेपछि एक दिन
दम्भको बालुवा उठाएर उसले
दासताको पिरामिड ठडाउन खोज्यो
मान्छेको संवेदनासित जिस्किएर उसले
मुर्कट्टाको सहर बसाउन खोज्यो
बेइमानीको लप्का खस्ने आाखामुन्तिर
महिषासुर मुस्कानमा छिल्लिादै हामीभित्र
गुलामीको जयजयकार खोज्यो
दुर्मतिको टापले उडाएको धुलोभित्र
लाचार समर्थनको हाहाकार रोज्यो
कुहिरोको पाल ओढाएर बस्तीमा
ब्वाासाका नङ्ग्राहरुले ऊ
आध्यारो ओढार खोस्रन तम्सियो
ऊ ममात्रै बोल्छु तिमीहरुले बुझ भन्यो
ऊ ममात्रै हिाड्छु तिमीहरुले हेर भन्यो
आागनमा चटकीको डमरु बजाएर
अन्ततः आफै
रामलीलाको ढाटुवारे बन्यो
दुनियाालाई नचाउाछु भनेर तम्सेको थियो
उन्नाइस रात सपनाको ऐठनमा
अनायास आफै मारूनी नाचिरहेको भेट्यो
अचेल
थकित, क्लान्त र जर्जर छ उसको ढााड
अचेल
मक्काएर भाचिन तयार छ उसको हाड
आाधी भएर पसेको उसको वेग
म देखिरहेछु
पहाडजस्ता मान्छेसित ठोक्किएर
शिथिल-शिथिल भएको छ
बस्ती डढाउन
दावानल भएर पसेको उसको आवेग
म देखिरहेछु
हिमालजस्ता मान्छेसित ठोक्किएर
कायल-कायल भएको छ
इतिहासको क्रमभङ्ग भञ्ज्याङबाट
मैले देखिरहेछु
ऊ निरन्तर ओरालो दिशातिर ओर्लिरहेको छ
ए □ बटुवा हो
नछेक त्यसको उाधो गमनलाई
किनभने
ऊ पश्चयात्राको जहाजी हो
उसलाई पछाडि फर्कन मन पर्छ
यसैले यतिखेर उसलाई
अविश्राम ओरालो ओर्लिरहन देऊ
कहिल्यै नउक्लने गरी झरिरहन देऊ ।

# गजल

सन्तोष वियोगी
मुकुन्दपुर १, बेल्डिया
हाल दोहा, कतार

ज्यालामा जीवन खोजेर मोडियो बाटो
मनको साथी प्याला रोजेर मोडियो बाटो ।

फलाऊ फुलाऊा जीवनको बगैचाभन्दा
विषकुण्ड रोपेर मोडियो बाटो ।

जति माया लाए पनि दोबाटो धाए पनि
अरुजस्तै जाली सोचेर मोडियो बाटो ।

दिलमा राखी आाखाको नानीमा सजा'को थिएा
मनैमन गरी घोचेर मोडियो बाटो ।

जान्नेलाई माया अमृतको कुण्ड हो
नजानी सडकमा पोखेर मोडियो बाटो ।

# गीत

आासु दीपक सापकोटा
गुलरिया ९, बर्दिया

ढुङ्गा हुादा पहिलापहिला पुजिदिने हात पाएा
फूल भएा जबदेखि बेवास्ता र लात पाएा ।

बााभ्फो वारी, रूखो माटो बााभ्फै थियो मन पनि
एक्लै थिएा बन्जर यहाा टाढा थियो वन पनि ।

डल्ला हुादा पहिलापहिला सम्याई दिने साथ पाएा
समथर बनो जबदेखि बेवास्ताको र लात पाएा ।

भत्किएको घर थिएा कच्ची थियो जग पनि
सानो थियो ठाउा यहाा लत्रिएको छत पनि ।

थोत्रो हुादा पहिलापहिला बसिदिने जात पाएा
घर बनो जबदेखि बेवास्ता र लात पाएा ।

खाल्टो जीवन खाल्टो मन खाल्टै थियो संसार पनि
गहिरो थिएा खाल्टो त्यहाा टाढा थियो पुल पनि ।

खाल्टो हुादा पहिलापहिला जोडिदिने साथ पाएा
पुल बनो जबदेखि बेवास्ता र लात पाएा ।

# गजल

ज्ञानुवाकर पौडेल

मैले तिमीलाई सम्भिराखो
तिमीले अरुलाई सोचिराख्यौ ।

यति बिघ्न पछ्याउादा पनि
उपेक्षाले कति घोचिराख्यौ ।

आफ्नो मुख फोरिनौ कहिले
मेरो माया जोखराख्यौ ।

खुलेआम उडाएर उपहास मेरो
मुटुमा किला ठोकिराख्यौ ।

दियौ केवल अपमान र पीडा
खुसी र भएभरको खोलिराख्यौ ।

सम्भना दिलाउादा विगत इतिहासको
भुइामा आासु पोखिराख्यौ ।

माग्दा हिसाब मेरो बैसको
नङ आफ्नो टोकिराख्यौ ।

लघुकथा

# म कहा छु ?

माधव निरौला विलासी
जुरोपानी ३, भापा

उफ् दिग्दार भईसको । कतै एता पो मानिस पाइन्छ कि ? दौडन खोज्दा दौडन सक्दिना । बल्ल देखियो मानवाकृति । यसैलाई बाटो सोध्नुपर्ला ।
'दाई ।'
कस्तो नबोलेको कतै भाइ त हैन ? रिसायो कि क्या हो ?
'ए भाइ ।'
'भाइ ।' ,
कस्तो मान्छे ? मानिस देख्दा पशुभ्कै भाग्दै छ ।
'हा ... हा ... हा हा ... ।'
को रोइरहेछ ? त्यतै जान पऱ्यो । आम्मै □ कस्तो पिटेको । ला □ छुरा रोप्दै छ । कतै अर्कै देश त पुगिना ?
लौन बरबाद भयो । कसरी थाहा पाउने कहाा छु भनेर ? घर भनेको त गुफा पो रहेछ □ लौ न के गर्ने ? कता जाने ?
उ छुरा रोप्न लाग्यो । त्यो को ? चिने जस्तो छ । ला □ बुद्धलाई कसले छुरा रोपेको ? पक्कै लुम्बिनी पुगिएछ । कसरी भागौा अब ज्यान बचाउन । उ लादेन □ उता हिटलर □

आलोचनात्मक चिन्तन

# साहित्यका वर्तमान चुनौतीहरू

डा. गोपाल भण्डारी
धरान, सुनसरी

नेपाली साहित्यमा धेरै चुनौती छन् । पाठकका रुचिक्षेत्र पहिचान गर्न सक्नु आजको एउटा समस्या हो । पहिलेपहिले जेजस्तो लेखे पनि पाठकहरु सहजै स्वीकार गर्दथे भने आजभोलि यथार्थ र साहित्यका बीच अन्तरसम्बन्धको खोजी गर्दछन् । सन्तुलन नभए साहित्यमा ह्रास आउन सक्तछ । साहित्यका धेरै पृष्ठले सञ्चारसामग्री ढाकिदिएका पाइन्छन् । अनेकौ पत्रपत्रिका, रेडियो, टेलिभिजन, कम्प्युटर, इन्टरनेट आदिले साहित्यलाई आंशिक वा अर्द्ध रुपमा प्रस्तुति गरिदिने हुादा साहित्यिक पुस्तक प्रदर्शनीमा उत्साहजनक भीड देखिादैन । पाठयसामग्रीका रुपमा निर्धारण गरिएका पुस्तकबाहेक अन्य सामग्रीको किनबेचमा त्यति ध्यान आकर्षित भएको पाइादैन । यसलाई गम्भीरतापूर्वक लिनै पर्दछ ।
आजका पाठक कस्ता सामग्री मन पराउाछन् ? आज हामीले भोगिरहेको समाज र यथार्थ केकस्ता छन् ? मानिसको क्रयशक्ति घटेको छ वा बढेको छ ? उत्पादित सामग्री कस्ता छन् ? स्रष्टाका समस्या के-के हुन् ? उपभोक्ताको मनोविज्ञान कस्तो छ ? साहित्यको वर्तमान अवस्था कस्तो छ ? भन्नेजस्ता केही प्रश्नमा घोरिादा यस चर्चालाई अगाडि बढाउन सजिलो हुनेछ ।
आजका पाठक पुराना पाठकजस्ता अर्ती, उपदेश, नीति, धर्म, पुराण, प्रवचन र अतिरञ्जनात्मक उक्ति प्रत्युक्ति वा आख्यानबाट आफूलाई मुक्त बनाउन चाहन्छन् । आजका पाठक वैज्ञानिक, तार्किक र युगानुकूल गतिविधिको चित्रण भएको साहित्य मन पराउाछन् । देशीय विशेषता र अन्तरदेशीय विशेषताको रसास्वादन गर्दै यथार्थवादी वा व्यावहारोपयोगी ज्ञान वा सूचनाको अपेक्षा आजका पाठकले गरेका हुन्छन् । यसको अर्थ पुराना वेद, उपनिषद्, पुराण आदि सुन्नै नचाहने मानसिकता छ भन्न खोजिएको नभई तिनका महत्ता वा रहस्यको उद्घाटन होस् भन्ने आकाङ्क्षा आजका पाठक गर्छन् । स्वच्छन्दतावादी धाराका भन्दा यथार्थवादी धाराका, आदर्शवादी वा शास्त्रीयतावादी धाराका भन्दा उदारतावादी, प्रजातन्त्रवादी, बहुलवादी, प्रगतिवादी तथा लोकतन्त्रवादी रचनामा रमाउन चाहन्छन् आजका पाठक ।
सहरी मनोरञ्जन, कुलीन एकाधिकार, भोगवृत्ति, विपथगामिताबाट आम जनजीवनमा देखा परेका नयाा समस्या वा चुनौतीहरुको खोजीमा लागेका रचनाप्रति पाठकको रुचि एकोहोरिएको छ । सुदूरपूर्वी वा सुदूरपश्चिमी दुर्गम गाउाका वर्तमान आकृति पढ्न चाहन्छन् आजका पाठक । जनयुद्धले कोतरेका घाउ, पीडा, अभाव, दैन्य, एकाधिकार, नयाा तानाशाहका चकचकी, दबदबा, डर, धाक, धम्की, त्रास, शोषण, अन्याय, छट्पटी, ढााट कुरा र पिल्सिादै गएका आत्माका आवाज सुन्न आतुर छन् आजका नेपाली पाठक । सङ्गठित शक्तिले असङ्गठित जनतालाई दुःख दिने, बन्द, हड्ताल, हत्या, अपहरण, लुटपाट, चोरी, डकैती र मानवताविरोधी गतिविधिको पर्दाफास भएका रचना पढ्न चाहन्छन् हाम्रा पाठक । पदीय दुरुपयोग, विश्वासघात, साम्प्रदायिक उत्तेजना, क्षेत्रीय, आञ्चलिक वा प्रादेशिक

सङ्कीर्णताले उब्जाएका विचलन, मानसिक छट्पटी अन्यौल वा दुराग्रहका प्रभावको यथार्थ अङ्कन साहित्यमा आउनुपर्छ भन्ने आकाङ्क्षा छ आजका पाठकको ।

अनुप्रासहीनता, दण्डहीनता र अवसरवादीहरुको छेपारे प्रवृत्तिलाई नङ्ग्याएको हेर्न उत्सुक छन् पाठक । सामाजिक न्याय बिगार्दै इन्साफको खिल्ली उडाउने दुष्प्रवृत्तिको उछित्तो काढ्ने रचनाप्रति आशावादी छन् आजका पाठक । निर्दोष नागरिकलाई बेपत्ता बनाई पानीमाथिको ओभानो हुन खोज्ने मानवताविरोधी तफ्वलाई सिस्नोपानी छर्कने लेखनको अपेक्षा गरेका छन् पाठकले । गुदी नभएका तर आकर्षक कलेवर दिई पाठक भुक्याउन सफल अभिनन्दन ग्रन्थ, स्मृतिग्रन्थ आदिबाट आजित भएका पाठक पुाजीवादी संस्कृतिका प्रताडनाबाट व्यथित छन् । ती ग्रन्थलाई सुन्दर प्याकमा राख्ने ठाउा नहुादा 'खाली सिसी पुराना कागजवाला'लाई सुम्पन बाध्य छन् पाठक । प्राज्ञिक क्षेत्रमा हुने अन्याय, अत्याचार, पक्षपात, हुङ्कार, आडम्बर, मुढाग्रह, बेथिति, विसङ्गतिलाई देखेर पनि चुप लाग्नुपर्ने स्थितिको अन्त्य गरी त्यस्ता चाटुकारलाई दण्ड, जरिवाना, घटुवा गरेका भाव समाविष्ट लेखरचनाको प्रतीक्षामा छन् बौद्धिक पाठक ।

लोकतन्त्रवादी छाता ओढेर सर्वसाधारणलाई ढााट्ने, ठग्ने, घुर्चने, धकेल्ने, छिर्के लगाउने, अर्काको भाग खोस्ने, धूर्त्याइ गर्ने, लुच्याइ गर्ने, बदमासी गर्ने, अपराध गर्ने प्रवृत्तिलाई स्पष्ट रुपले तह लगाउन जनमतको निर्माण गर्ने कलात्मक अभिव्यक्तिको आवश्यकता सचेत पाठकले गरिरहेका छन् । समाजमा उदाएका नयाा शोषकहरुलाई चिनाउन सक्षम लेखनको आवश्यकता देखिएको छ साहित्यमा ।

आज हामीले भोगिरहेको समाज निरीह छ । यस समाजका सामान्य जनतालाई व्यापारी, कर्मचारी, चतुर राजनीतिज्ञ र तिनका कार्यकर्ताले धम्क्याइरहेका छन् । एक प्रकारको शोषण गर्ने अधिकार संस्थागत गरिरहेका छन् । सामान्य जनताको उच्च वर्ग र सत्ताधारीहरुसागको सम्पर्क र पहुाच झन्-झन् टाढा हुादै गएको छ । लाजैलाग्दो ढिलासुस्ती, अनिर्णय र उदेकलाग्दो सम्प्रभुतावादी अहम् विकसित भइरहेको छ । जीवननिर्वाहका सम्भावनाहरु क्षीण हुादै गएका छन् । मानिसमा पर्याप्त निराशा, विचलन, आत्मविलयन, पलायन र हाहाकार थपिादै गएका छन् । सङ्घर्ष नै पेसा भएकाहरु मानिसलाई दुरुपयोग गरी राज्यलाई घुाडा टेकाइरहेका छन् । पदाधिकारी तथा सत्तासीनहरु निरन्तर धैर्यका ट्याबलेट बाािडरहेका छन् । मर्ने मरिरहेको छ, मार्नेलाई सम्मान गरिादै छ । लोकतन्त्र ल्याउन आाखा फुटाइमाग्ने, खुट्टो भाािचिमाग्ने, ढाड भाााच्चिएर कुप्रिएर थला पर्नेहरुको उपेक्षा भएको छ । हूलहुज्जत गर्ने, दङ्गाफसाद गर्ने, उपद्रो गर्ने, गाली गर्ने, आगो बाल्नेहरुलाई सम्मान गरिएको छ । यस्तो स्थितिमा शान्तिप्रिय व्यक्तिको हालत के हुन सक्ला ? अवश्य नै त्यसले असमयमा आत्महत्या गर्नुपर्छ । आफूलाई धिक्कार्दै र पश्चत्ताप गर्दै जीवनबाट विमुख हुनुपर्छ । यी परिस्थितिलाई आाकलन गर्दै आजको साहित्यले तीक्ष्ण आवाज उठाउनुपर्छ । न्याय, समानता, मानवता, आशा, आकाङ्क्षाका बीजहरु छर्नुपर्छ । आमजनताका व्यथालाई न्यून बनाउन बादशाहहरु र तिनका अनुयायीले गर्ने दुष्कार्यको पर्दाफास गर्नुपर्छ । नयाा लेखकहरुले यी कुरालाई राम्ररी अध्ययन-मनन गरी नेपाली साहित्यमा स्तुतिवादी, सङ्कीर्णतावादी र जडसूत्रवादी चिन्तनका विरुद्ध नयाा लोकतन्त्रवादी संस्कृतिको निर्माणमा अग्रसर हुन प्रयत्नशील हुनुपर्छ ।

नेपाली साहित्यको वर्तमान अवस्था हेर्दा 'भोलम' बढेको देखिन्छ तर त्यसमा हुनुपर्ने 'भोल्टेज'चाहि फितलो भएको हो कि भन्नुपर्छ । अर्थात् हामीले आयतन बढायौा, शक्तिचाहि तीक्ष्ण बनाउन सकेनौा । हाम्रा प्रकाशन संस्थाहरुले निकाल्ने पुस्तकका प्रकाशन प्रति १ हजारको सङ्ख्यामा खासै बृद्धि भएको छैन र कम्प्युटर प्रविधिले गर्दा कतिपय प्राइभेट प्रकाशनका प्रतिहरु अझ आधा अर्थात् ५ सय वा ३ सयसम्ममा सीमित छन् । प्रकाशित पुस्तकका नामावली हेर्दा साझा प्रकाशनको २०६४ मा प्रकाशित पुस्तकसूची झन्झन् विस्तृत देखिन्छ ।

यसबाट स्पष्ट हुन्छ, भोलम बढेको छ तर पुस्तकप्रदर्शनीहरुमा देखिएको क्रयविक्रय प्रतिस्पर्धा हेर्दा भन्न मन लाग्छ, 'भोल्टेज'चाहि घटेकै हो कि ? 'भोलम' र 'भोल्टेज' दुवै महफ्वपूर्ण हुनुपर्छ । 'भोलम' (आयतन) मात्र बढ्यो, 'भोल्टेज' (ग्राहृयशक्ति) चाहि जस्ताको तस्तै रह्यो वा साघुरिादै गयो भने प्रकाशीय परिधि सङ्कुचन हुादै जान्छ । यसबाट उपभोक्ताहरुले अपेक्षित लाभ पाउन सक्तैनन् । गुणात्मकता र स्तरीयता मात्र नभई सामान्य पाठकको क्रयशक्तिको सीमासम्म पुऱ्याउनु पनि एक किसिमको चुनौती हो । पुस्तकका 'भोलम' र त्यहाा अङ्कित मूल्य हेर्दा सामान्य पाठकको सातो जान्छ भने 'भोलम'भित्रको 'भोल्टेज' पक्षको आाकलन गर्दा सन्तुष्ट बन्न नसक्ने स्थिति छ । जीवन धान्न धौधौ परिरहेका सर्वसाधारण मध्यमवर्गीय पाठकलाई सधैंभरि आपत् परिरहन्छ । निम्न वर्ग ( श्रमिक, किसान) का व्यक्तिहरुमा साहित्यप्रति वितृष्णा छ । किनभने तिनका कर्तूतको पर्दाफास साहित्यले गर्दछ भन्ने प्रतिशोधात्मक भावनाले साहित्यका सच्चा उपभोक्ता मध्यमवर्ग मात्र हुन पुगेका छन् । मध्यमवर्गलाई ध्वस्त पार्न, उनीहरुको आर्थिक अवस्था समाप्त पार्न र सामाजिक नेतृत्वदायी प्रवृत्तिलाई समूल नष्ट पार्न चारैतिरबाट आक्रमण भइरहेको हुादा मध्यमवर्गीय क्रयशक्ति दिनानुदिन घटिरहेको छ । अर्कातिर मध्यमवर्गीय युवाशक्तिलाई वैदेशिक रोजगारीतर्फ धपाइादै छ र चतुर शासकद्वारा राष्ट्रका संसाधन, स्रोत र पुाजीलाई सीमित व्यक्ति वा वर्गका पोल्टामा पारिादै छ । यस्तो विषम स्थितिमा राष्ट्रिय साहित्य कसरी शक्तिमान् बन्न सक्तछ ? अर्कातिर नेपाली साहित्य र नेपाली भाषालाई नै विवादमा पारिएको छ । मूल शक्तिलाई विभाजित बनाउादै आपसी द्वन्द्व र कलहमा रुपान्तरित गर्दा साहित्यको सर्वाङ्गीण विकासमा बाधा उत्पन्न भइरहेको स्पष्ट छ ।

नेपाल प्रज्ञा प्रतिष्ठान स्थापना गर्न कन्जुस्याइ गर्नु, लोकतन्त्र आइसक्ता पनि चाकरी, चापलुसी, रुढिवादी, परम्परावादी, सङ्कीर्णतावादी चिन्तनबाट ग्रसित हुादै चार भन्ज्याङ्भित्रै ह्वेल माछो खोज्नु, केही पुरोहित र कर्मकाण्डीको इसारामा संस्थालाई क्ुज्याउनु, एउटै मुल्लालाई पटकपटक कुर्सीमा बसाउनु, अरुको लेखाजोखा नगर्नु, चारणवादी संस्कृतिलाई निरन्तरता दिनु, प्रतिस्पर्धीहरुलाई समाप्त पार्नु, मार्नु, नामनिशानै मेट्नु रचनात्मक सुझावलाई आाखा चिम्लेर टोकरीमा फ्याा्क्नु, उद्दण्ड साांढेहरुलाई छाडा छोडिदिनु जस्ता कैयौा कमजोरीले नेपाली साहित्य टाक्सिादै गएको छ । यसमा

सुधार गर्न दूरदर्शी दृष्टिकोण भएका, उदार, सहिष्णु, नयाा र मौलिक चिन्तन भएका प्राज्ञहरुको छनोट गर्नु अति आवश्यक छ । यसो भएमा मात्र नेपाली साहित्य एक्काइसौा शताब्दीका चुनौतीसाग जुद्धै अगाडि बढ्न सक्छ ।

काव्यांश २०

# मेरो निर्माण

प्रा. राजेन्द्र सुवेदी

७०
कुशाग्र भट्टको गति प्रवेगझैं बनीरह्यो
अलभ्य सौर्यको कला मुहान हा भनीरह्यो
अमूल्य रत्न मिल्दछन् पहाडमा खनीरहे
समाप्त हुन्छ आखिरी असंख्यता गनीरहे ।
७१
अपूर्व ताप सूर्यको छ व्योम शून्य बादल
गरी विनाश फैलियो बनान्तमा दवानल
अचिन्त्य दिव्य लोकको समृद्धि शीत शीतल
चुली नजीकमै बह्यो प्रवाह वायु निर्मल ।
७२
मनुष्य दिव्य ज्ञानमा डुबेर फेर्छ काचुली
पहाडको सिरानमा उदाङ्ग देखियो चुली
मनोदशा नयाानयाा उठेर भित्र खुल्दुली
नमेटिने भए सबै त्यसै अनेक तुल्बुली ।
७३
अनन्त ब्रह्म सत्यझैं बनेर चेतना खुल्यो
अधीरता बढारियो विविक्त भावना ढल्यो
निदारमा दली हिाडे चुली पठारको धूलो
अगम्य बिम्ब ब्रह्मको सुपुष्प भूमिमै फुल्यो ।
७४
दिनान्त ग्रीष्मको ढल्यो पुगे नयाा प्रदेशमा
कुशाग्र भट्टको कुरा छिटै पुग्यो नरेशमा
समाज लोकको प्रथा बुझिन्न दूरदेशमा
तथापि आत्मयाचना रहन्न सन्निवेशमा ।
७५
खसान वंशका कुनै कुलीन राज्य शासक
सुचारू कार्य गर्दथे त्यहाा बनी प्रशासक
समूह शिष्याशिष्यका बढे अझैं प्रशंसक
कुशाग्र भट्ट आखिरी बने पथप्रर्दशक ।
७६
छ दीर्घ श्रृङ्खला भने निरभ्र बन्छ सभ्यता
प्रभात शारदी भए स्वयं थपिन्छ भव्यता
भयो परास्त ज्ञानको निशाचरी असभ्यता
प्रकाश दीपिका बन्यो प्रदीप्त भै सुसभ्यता ।
७७
तुफान खेचराद्रिको झऱ्यो सुसाउादै तल
बुढी शुक्ल श्रोतको जलप्रवाह निर्मल
नदी प्रवाह बेगिलो रचेर सङ्गम स्थल
बहन्छ लोक पावनी छरेर वायु शीतल ।
७८
थियो उपान्त वेदिका बुढी र सेतिसङ्गम
फिजाई दृष्टि दूरमा बने स्वयं विहङ्गम
छ दिव्य प्रेरणा भने हाुदैन बुद्धि विभ्रम
कुशाग्र भट्टको कुटी बन्यो त्यहीा मनोरम ।
७९
कुशाग्र भट्ट बस्तथे गरेर योग साधन
थिएन उच्च नीचको त्यहाा कुनै विभाजन
गृहस्थ नित्य कर्मका जुटे समस्त सज्जन
छ शुद्ध वृत्ति ज्ञानमा सधैा गरी निमज्जन ।
८०
चुसेर माहुरीहरु प्रशूनका बनौषधि
जुटेर यत्न गर्दछन् अकाल जीवनौषधि
बुझोस् रहस्य यो कहाा गभीर तफ्व मन्दधी
कुशाग्र भट्ट देखिए समाजमा उदारधी ।

८१
नदी किनार ज्ञानका निवासको बन्यो कुटी
समूहका सदस्यको विशुद्ध भावना जुटी
परार्थ चित्त वृत्तिमा कतै भयो कि क्यै त्रुटि
कुशाग्र भट्टमा उठ्यो गृहस्थ ज्ञानको बुटी ।
८२
प्रशून कामिनी कतै छरेर भोगवासना
बुनी वितान रङ्गिलो जगाउादै विकल्पना
फुल्यो कि क्या ढल्यो त्यतै महन्तको उपासना
रहन्न चित्त धीर भै उठेपछि प्रकल्पना ।
८३
पुछेर श्वेदबिन्दुका कपोल रागिनी गला
भरेर गीत गाउादै बनेर भाव विह्वला
निसर्ग राग गायिका लजालु चूर्ण कुन्तला
निमग्न घाास-पातमा छ षोडषी शकुन्तला ।
८४
अनेक वर्षभ्कैं भए त्यहाा महन्तका पला
सचेत भै उचालिए गृहस्थ ज्ञानका तला
विराग रागमा ढल्यो कुशाग्र भट्टको कला
गरिन्छ साधना भने हुादैन शक्ति निष्फला ।
८५
कुटीमा श्रद्धाको नियमित बन्यो बास उनको
बल्यो क्यारे बत्ती अविदित दिवातुल्य मनको
भयो आत्मा चोखो मल सब पखालेर तनको
बन्यो आस्था सारै सुदृढ भय भाग्यो निधनको ।
८६
जलदले गिरिका चुचुराहरु
क्रमशः ढाकिदियो बुथुराहरु
कृषक जीवनका बुकुराहरु
सब टरे मनका खतराहरु ।
८७
कुशाग्र भट्टको भावना भो फुरूक्क□ उठ्यो तिर्सना भित्र नौलो जुरूक्क
चढे ज्ञानका टाकुरामा खुरूक्क□ बन्यो सिर्जनाको धराधाम ढुक्क ।

भलाकुसारी

# इतिहासलाई वर्तमानसाग जोड्ने साागु हो 'शारदा'

विमल भौकाजी

(साहित्यकार विमल भौकाजीको जन्म २०२० सालमा बुबा भीमबहादुर भौकाजी र आमा नयनकला भौकाजीको कोखबाट रामेछापको साघुटारमा भयो । स्नातकसम्मको अध्ययन पूरा गर्नुभएका भौकाजीले संयुक्त कवितासङ्ग्रह तीन आाखाको मान्छे (२०४५), जिन्दावाद मुर्दावाद (२०४७) र साहित्य सङ्ग्रह यात्रापछि यात्रा (२०४९) लेख्नुभएको छ । यसै गरी उहााका असिना भूत (बालकथा सङ्ग्रह) र जसको जोत उसको पोत (व्यङ्ग्यसङ्ग्रह) प्रकाशोन्मुख छन् । उपन्याससम्राट धुस्वाा सायमि जीवनयात्रा कृतिका अतिरिक्त उहााले नवपल्लवी, संवाहक र धुयेत्रोजस्ता साहित्यिक पत्रपत्रिकाको सम्पादन गर्नुभएको छ । केही समययता उहााले ऐतिहासिक शारदा साहित्यिक पत्रिकाको सम्पादन गर्दै आउनुभएको छ । साहित्यसेवामा अनवरत लागिपर्ने भौकाजीले २०३९ मा राष्ट्रव्यापी अन्तर्क्याम्पस निबन्ध प्रतियोगितामा स्वर्ण पदक, राष्ट्रिय कविता महोत्सव २०५२ मा स्वर्ण पदक र २०५४ मा 'युवा वर्ष मोती पुरस्कार' प्राप्त गर्नुभयो । प्रस्तुत छ हाम्रा सहसम्पादक भोगेन्द्र लिङदेनले उहाासाग गर्नुभएको भलाकुसारी ।)

शारदा पुनर्प्रकाशन गर्ने प्रेरणा कहााबाट पाउनुभयो ?

त्यसलाई प्रेरणाभन्दा पनि उत्साह भनौं । धुयेत्रो, द्वैमासिक साहित्यिक पत्रिकाको सम्पादन गर्दाखेरि नै मेरो शारदाप्रति अनुराग बढी थियो । साहित्यमा लाग्नेहरुलाई बढी उत्साही बनाउने परिकल्पना गरो । त्यही परिकल्पना साकार गर्ने क्रममा पुराना शारदासाग सम्बन्धित मल्ल परिवारलाई भेटो । उहाा हुनुहुन्थ्यो शान्तबहादुर मल्ल । तीनचार वर्षको हाम्रो गृहकार्यपश्चात् शारदा प्रकाशित भयो । त्यसैले यो प्रेरणाभन्दा पनि नियोजित नै हो ।

शारदा प्रकाशनका क्रममा केकस्ता अप्ठ्याराहरूको सामना गर्नुभयो ?

साहित्यिक पत्रिकाले भोग्नुपर्ने पीडा र अप्ठ्याराहरु त तपाईलाई पनि थाहै होला । सामान्य पाठक र आममानिसहरुले साहित्य प्रकाशनको कार्य गाह्रो र परिश्रमपूर्ण हुन्छ भन्ने बुझ्केकै छैनन् । त्यो दुःख र परिश्रम बुझ्न जरूरी हुन्छ ।

नेपाली साहित्यमा शारदाले गरेको योगदानको छोटकरीमा चर्चा गरिदिनुहुन्छ कि ?

हेर्नुस्, यसलाई सोझ्ो रुपमा पुरानो शारदाको पुनर्प्रकाशन भनेर नबुझ्ौ । तर पनि यसको ऐतिहासिक महफ्व र योगदालाई नभुलौ भनेर यसको प्रकाशनको सुरुआत गरिएको हो । शारदा नामप्रति पनि हाम्रो मोह हो । यसको इतिहासलाई वर्तमानसाग जोड्ने एउटा साघुको काम मात्र

गरेका हौ । पुराना दिग्गज साहित्यकारहरु देवकोटा, सिद्धिचरण, सूर्यविक्रम ज्ञवाली, गोपालप्रसाद रिमाल, भूपि शेरचन र पारिजातजस्ता अनगिन्ती नामहरुलाई नेपाली साहित्यमा स्थापित गर्ने काम शारदाले गरेको हो । यस्तै प्रतिभाहरुलाई पुनरावृत्ति गर्न सक्छौ कि भन्ने हाम्रो सानो प्रयास हो यो शारदाचाहि ।

अबको शारदाले नेपाली साहित्यमा पुऱ्याउने योगदानचाहि कस्तो हुनेछ ?

हाम्रो उद्देश्य नै प्रतिभा भएकाहरुको प्रतिभा प्रस्फुटन गराउन मञ्च उपलब्ध गराउने हो । नवप्रवेशीहरुले स्थान पाउन स्थापित साहित्यकारहरुसाग गर्ने सङ्घर्षलाई सहज बनाउन सकिन्छ कि भन्ने हाम्रो प्रयास हो । नवप्रतिभालाई हामी विशेष ध्यान दिन्छौ । त्यसकारण नवप्रतिभाहरुले शारदालाई निस्फिक्री रुपमा आफ्नो साझा मञ्च ठाने हुन्छ ।

तपाई आफूचाहि व्यक्तिगत रूपमा कुन विधाप्रति आकर्षित हुनुहुन्छ ?

मूल रुपमा कविता नै हो । तर विधा छुट्याउने कार्यमा म लागिना । साहित्य लेख्ने मानिसले संवेदनाले नछोइकन लेख्दैन । त्यसकारण संवेदनशील भएर जे लेखिन्छ त्यो कथा, कविता, समालोचना वा अरु नै हुन सक्छ ।

नेपाली साहित्यप्रति पाठकहरूको रुचि अपेक्षाकृत रूपमा बढेको पाइदैन । किन होला ?

दैनिक अखबारी पत्रकारिताप्रति नेपाली पाठकहरु आकर्षित भइरहेका छन् । कसले कति खायो, कति लुट्यो जस्ता कुराले अखबारमा बढी प्राथमिकता पाइरहेछन् । तर संस्कृति, समाजकल्याणका कुराहरुमा ध्यान दिइरहेको पाइदैन । शारदा प्रकाशन गर्दा के कुरा थाहा पाइयो भने राम्रा कुराहरु मनमस्तिष्क छुने गरी लेखियो भने पाठकले पक्कै पनि रुचाउाछन् । तर एउटा हास्यास्पद कुरा के छ भने अढाई करोड नेपालीमध्ये किताब किनेर पढ्नेहरु पााच सयभन्दा बढी छैनन् ।

शारदा सम्पादनमा आइपरेका तीतामीठा अनुभवहरू केकस्ता छन् ?

हामी गछौ भन्ने उत्साह बढी छ । सबैभन्दा अपठ्यारो भन्नचाहि पारिश्रमिक हो । हुन त मधुपर्क, गरिमाजस्ता सरकारी पत्रिकाले राम्रै पारिश्रमिक दिन्छन् । तर हामीजस्ता निजी प्रकाशनले यस्तो गर्न सक्दैनौा । हामीले चाहि पारिश्रमिकका रुपमा पत्रिका नै अर्धवार्षिक रुपमा उपलब्ध गराउने जमर्को गरेका छौ । यहााका लेखकहरुमा एक किसिमको दरिद्र मानसिकता भेटिन्छ । उनीहरु करोड पर्ने घरमा बस्छन् । १० रुपियाा पर्ने पत्रिका किनेर पढ्दैनन् । तर आफ्नो लेखनको पारिश्रमिकको आश गर्दछन् । यो नराम्रो पक्ष हो ।

साहित्यमा रुचि घट्नुमा आमसञ्चारको नयाा प्रविधिहरू, जस्तै टीभी., इन्टरनेट, कम्प्युटर आदिले कस्तो प्रभाव पारेको छ ?

प्रभाव निश्चय नै छ । मलाई त अझ के लाग्छ भने भोलिका दिनमा त किताब भन्ने कुरा नै नरहलाजस्तो लाग्छ । समयको मागसागै किताबहरु कुनै दिन विस्थापित भएर किंबदन्ती हुन सक्ने सम्भावना देखिन्छ ।

साहित्य र जीवनको केकस्तो सम्बन्ध हुनुपर्छ ?

साहित्य र जीवन एकआपसमा परिपूरक हुन्छन् । साहित्य नलेखीकन मलाई बााच्न सक्दिना जस्तो आभाष हुन्छ । तर यो बचाइ भौतिक रुपमा बााच्नु मात्र नभएर यथार्थ जीवनजस्तो विवेकशील मान्छेजस्तो जीवन बााच्न मलाई साहित्यले मद्दत गरिरहेको छ ।

शब्दाङ्कुरका पाठकहरूलाई केही भन्न चाहनुहुन्छ कि ?

लेखकले मात्र साहित्य बचाउादैन । साहित्य बचाउने पाठक हुन् । त्यसकारण पाठकहरुले राम्रा साहित्य पढिदिएर साहित्यलाई सहयोग गर्न सक्छन् । जे छापियो त्यही साहित्य हुन सक्दैन । राम्रा र स्तरीय साहित्यहरु पाठकले खोजीखोजी पढिदिनुभयो भने त्यो नै नेपाली साहित्यको विकासमा कोसेढुङ्गो साबित हुनेछ ।

उपन्यास-अंश

# निर्मूल्य

धीरकुमार श्रेष्ठ

हामी हाम्रो कल्पनालोकमा निर्बन्ध विचरण गरिरहेका हुन्थ्यौं । खुला आकाशमा जताजता मन लाग्यो उतैउतै पखेटा फिँजाइरहेका हुन्थ्यौं । कावा खाइरहेका हुन्थ्यौं । कहिले तल कहिले माथि कहिले दायाँ कहिले बायाँ उडिरहेका हुन्थ्यौं । कहिले उसले मलाई लखेट्थ्यो, कहिले म उसलाई लखेट्थें । लखेटालखेटको खेलमा दुवै थाकेपछि एउटाएउटा हाँगा समातेर उभिन्थ्यौं । उभिँदा पनि म उसलाई हेरिरहेको हुन्थें । ऊ मलाई हेरिरहेको हुन्थ्यो । म एकोहोरिएकी हुन्थें । ऊ एकोहोरिएको हुन्थ्यो । हामी एकोहोरिएका हुन्थ्यौं । एकोहोरिएका हामीलाई त्यसैले एक-अर्कासँग जोडिराखेको हुन्थ्यो । ऊसँग मलाई । मसँग उसलाई । जोडिएका हामी एक-अर्काबाट छुट्टिन चाहँदैनथ्यौं । न ऊसँग म । न मसँग ऊ । एकाकार हुन्थ्यौं हामी । एक रुप हुन्थ्यो हाम्रो । दुई शरीर एक आत्मा थियौं हामी ।

त्यसो त न म उसको पहिलो प्रेमिका थिएँ न ऊ मेरो पहिलो प्रेमी थियो । हामी दुवै एक-अर्काका दोस्रो प्रेमिका र प्रेमी थियौं । अर्थात् मेरा लागि ऊ दोस्रो र उसका लागि म दोस्री थिएँ । हामी एक-अर्काका लागि दोस्री प्रेमिका र दोस्रो प्रेमी थियौं । त्यसो भए पनि हाम्रा लागि हामी पहिला थियौं । अर्थात् मेरा लागि ऊ पहिलो र उसका लागि म पहिली थिएँ । हाम्रो आफ्नै रोजाइमा हामी पहिला थियौं । हामी आफ्नै रोजाइमा हामीदेखि बाहेक हाम्रा जीवनमा अरु कोही थिएनन् । भन्नुको अर्थ ऊ मेरो पहिलो रोजाइ थियो । त्यसपूर्व जो मेरो जीवनमा पहिलो प्रेमीका रुपमा आयो, त्यो मेरो रोजाइ थिएन । पहिलो प्रेमीको रोजाइ थियो । मेरा संवेदनाहरुलाई उसले प्रेमका रुपमा विनिमय गऱ्यो ।

भमराहरु फूल फक्रिसकेपछि आकर्षित हुन्छन् । फक्रिसकेको फूलको आकर्षणबाट कोही बच्न सक्तैन । फूलको मगमग बास्नाले वरिपरिको वातावरणलाई मनमोहक बनाइसकेपछि त्यसको सुन्दरतालाई कसैले नजरअन्दाज गर्न सक्तैन । तर ऊ कोपिला अवस्थामै लोभियो । वनमा थुप्रै फूलहरु

फक्रिसकेका थिए । फुलेका फूलहरुमध्ये सुन्दर फुलेको फूलमा सबैको ध्यान सबभन्दा बढी जान्छ । यो ध्रुवसत्य थियो । यसका विपरीत उसको ध्यान फक्रिन बाँकी फूलमा पऱ्यो ।
फूलको सट्टा कोपिला अवस्थामा आकर्षित भमराले जाल ओछ्याएको रहेछ । सुरुमा त्यसको अनुभूति हुन दिएन उसले । चरीले जाललाई सर्वस्व ठानी । आफ्नो सम्पूर्ण भविष्य त्यसैमा देखी । सम्पूर्ण अस्तित्व त्यसैमा देखी । जालबाट टाढा फ्याँकेमा मझदारको डुङ्गा हुने ठानी । महासागरको विशाल फाँटमा ऊबिनाको एक्लो यात्रा सम्भव देखिन । उसलाई यात्राको सहयात्री ठानी । अभिन्न सहयात्री । तर जब जालमा चरी छटपटाउन थाली अनि स्वतन्त्रताको खोजी गरी । स्वतन्त्रताको खोजी गर्दा मात्र चरीले थाहा पाई, उसको खुट्टा जालमा अल्झिसकेको रहेछ ।
भएको के थियो भने मलाई सबभन्दा बढी माया बुबाले गर्नुहुन्थ्यो । घरकी कान्छी भएकीले मलाई माया गर्नेको कमी थिएन । घरपरिवारदेखि छिमेकीसम्मको प्रियपात्र थिएँ । सबैका हातका फूलका थुँगा थिएँ । फूलको थुँगाजस्तै हुर्कें । भुइँको माटो टेक्नै परेन । म कसैका लागि भार साबित भइनँ । भारहीन अवस्थामै बामे सर्नुदेखि टुकुटुकु हिँड्न सिकेँ । बामे सर्नुदेखि टुकुटुकु हिँड्न सिक्दासम्म थुप्रै हातहरु मेरा अगाडि फैलिएका हुन्थे । उभिन नसकी जमिनमाथि हत्केला टेक्न खोज्नु मात्र पर्थ्यो, थुप्रै हातहरु फैलिन्थे । तीमध्ये मलाई सबभन्दा मन पर्ने हात हुन्थ्यो बुबाको । बुबाको फैलिएको हात भेटेसम्म म अरुतिर हेर्दिनथेँ । यसै भन्थे मलाई गर्भैदेखि जान्नेहरु ।
उहाँको अँगालो भेटेसम्म अरुतिर फर्केर हेर्दिनथेँ । किनकिन उहाँको अँगालोको न्यानो अरुतिर पाउँदिनथेँ । उहाँको अँगालोको सुगन्ध अरुतिर पाउँदिनथेँ । उहाँको अँगालोको बाफमा निसासिनुको सट्टा नुहाउन मन लाग्थ्यो । चुर्लुम्म डुबेर नुहाउँदा म आफैँलाई बिर्सन्थेँ । मलाई लाग्थ्यो त्यो बिर्साइ पुनः कहिल्यै सम्झिन नपरोस् । सधैँ बिर्सिरहन पाइनुको आनन्द गुमाउन चाहँदिनथेँ ।
मैले थाहा पाउँदा म उहाँको ज्यादै नजिक थिएँ । यति नजिक कि कुनै दिन छुट्टिनुपर्ला भन्ने कल्पना मसँग थिएन । त्यस्तो असम्भव कल्पना गर्नुपर्ला भन्ने पनि सम्झिनँ । यसैकारण अरुभन्दा उहाँकी प्रियपात्र थिएँ । त्यहीँ कारण आमाको ईर्ष्याको सिकार हुनु नपरेको होइन । त्यसको दण्ड भोग्नु नपरेको होइन ।
सबैको प्रियपात्र यसकारण पनि थिएँ कि मलाई औँलामा समातेर हिँड्न सिकाउनेहरुले मेरा आँखामा जुन सम्भावनाको विन्दु देखे, त्यसले साकार रुप पाउँदै गयो । कसैको पनि सम्भावनाको विन्दुले मबाट मेरा कारण निराश हुन परेन । ती सबैले मेरा बाटामा ओछ्याएका सम्भावनालाई मैले निराश पारिनँ । यसैकारण पनि मेरो प्रियता सबैका लागि प्यारो थियो घरपरिवारदेखि छरछिमेकसम्मलाई ।
चर्चाको केन्द्रमा थिएँ । उदाहरणको मध्यविन्दुमा थिएँ । समाचारको परिधिमा थिएँ । लोभलाग्दा आकर्षणको सूत्र थिएँ । सफलताको शीर्ष शिखरमा थिएँ । मभन्दा माथि हुन्थ्यो भने केवल मैले ओढेको विशाल आकाश । त्यसको छायातल म हुन्थेँ । केवल म । यही कारण म हिँड्ने बाटामा प्रशंसाका पुल बाँधिन्थे । एउटा चुचुरोबाट अर्को चुचुरोमा पुग्न उकाली र ओरालीको कठिन यात्रा गर्न पर्दैनथ्यो । निधारको पसिना पाइतालामा पुग्ने गरी जिन्दगी ओसार्न पर्दैनथ्यो । थाकेर विश्राम गरेका बेला तोक्माले थुन्सेलाई चरम उकालीमा अड्याउनुपर्दैनथ्यो । पुलको छोटो दूरी छोटो समयमा पार गरे पुग्थ्यो ।

समीक्षा

# दोलखाली समकालीन साहित्य

निमिष

नेपाली भाषा र साहित्यको विकासमा दोलखालीहरुको योगदान महत्त्वपूर्ण छ । राजधानीबाट नजिक रहेर पनि केन्द्रबाट उपेक्षा भोग्नुपरेको गुनासो पालेर बसेको दोलखाले केन्द्रीय साहित्यमा जगन्नाथ शर्मा त्रिपाठी, मनबहादुर मुखिया, सुधा त्रिपाठी, अमरकुमार प्रधानजस्ता प्रतिभाहरु दिएको छ । यति मात्र नभई पछिल्लो पुस्तामा आएर श्रीबाबु कार्की, चन्द्र खड्का, भोजराज न्यौपाने र विष्णु सुवेदी जस्ता उत्साही र जाागरिला युवा पुस्ताहरुसमेत दिएको छ । यिनै युवापुस्ताका सर्जकहरुको प्रयासमा अघिल्लो वर्ष स्थापना भएको इन्द्रेणी साहित्य समाजले छोटो समयमा दोलखामा एक साहित्यिक भेलाको आयोजना गरेर 'साहित्य र कलासम्बन्धी दोलखा घोषणा-पत्र २०६३' जारी गरिसकेको छ । यसका साथै यस वर्षको उषालाई समाजले 'दोलखाली समकालीन साहित्य' नामक लगभग सवा दुई सय पृष्ठको कृतिका साथ स्वागत गरेका छन् ।
दोलखाको माटोसाग रगत र नशा गाासिएकाहरुको संस्था भएकाले प्रस्तुत कृति पनि त्यही आधारमा निकालिएको हो । दोलखा र दोलखाबाहिर बस्नेहरुको संलग्नता यस कृतिमा छ । सबैका सत्तरी थान साहित्यिक रचनाहरु यसमा समाविष्ट छन् । गद्य र पद्य दुवै विधा समेटिएको यस कृतिमा चन्द्र खड्काद्वारा लेखिएको 'दोलखाली साहित्य : विगतदेखि वर्तमानसम्म' विशेष महत्त्वको छ । यस आलेखले दोलखाको साङ्गोपाङ्ग साहित्यिक इतिहासलाई सरसरती वर्णन गरेको छ । नेपाली साहित्यका लागि यो एउटा उपलब्धिमूलक आलेख सिद्ध हुन सक्छ । किनकि क्षेत्रीय इतिहासको अभावमा केन्द्रीय इतिहास जगबिनाको निर्माण हुन सक्छ । यस सन्दर्भमा यसको मूल्याङ्कन कम आाक्न सकिन्न । हुन त यसअघि टीकाराम पोखरेलले पनि यस्तै खालको खोजमूलक कृति प्रस्तुत नगरेका होइनन् । यसका साथै स्वयं खड्काका पनि अप्रकाशित रुपमा यस्तै कृति रहेको देखिन्छ । तर दोलखाली सर्जकहरुको सिर्जनाका साथ तिनको ऐतिहासिक अभिलेखाङ्कन विशेष सार्थक सिद्ध हुन्छ ।
दोस्रो, यस कृतिको अर्को उपलब्धि हो दोलखाली नेपाल, जिरेल, सेर्पा, तामाङ र थामी भाषाका रचनाको समावेशिता । यस दृष्टिबाट यस सङ्ग्रहले नारामा नभई कार्य रुपमै समावेशिताको उदाहरण प्रस्तुत गरेको छ । जम्मै प्रयास साहित्यतर्फ केन्द्रित भएकोले भन्ने ठाउा त छैन । तर यति

भइसकेपछि दोलखामा बोलिने भाषाहरुका बारेमा समेत सङ्क्षिप्त रुपमा जानकारी गराउने आलेख उपलब्ध गराउन सकेको भए अझ बेस हुनेथियो कि ?

तेस्रो, उपलब्धि हो रवीन्द्र ग्यावक तामाङबाट लेखिएको 'तामाङ गीति सेलोको इतिहास र विवेचना' शीर्षकको लेख । यसले जातीय लोकसाहित्यको खोजी गरेर अनुसन्धान पेस गरेको छ । यसै गरी पुष्कर शाहको नियात्राले राष्ट्रिय परिवेशभन्दा बाहिरको संसार प्रस्तुत गर्छ । नर्वेको संस्मरणलाई स्थान दिइएको आलेखले शाहलाई विश्व साइकलयात्रीबाट राम्रो सम्भावना भएको नियात्राकारका रुपमा देखाउछ । उनको अन्तर्राष्ट्रिय यात्रानुभवलाई लिपिबद्ध गर्न सके मूलको स्वाद पाइने निश्चित छ ।

दोलखा प्राकृतिक र सांस्कृतिक रुपले मात्र नभई साहित्यिक दृष्टिले समेत सम्पन्न छ भन्ने कुराको प्रमाण यस कृतिले दिएको छ । यति मात्र नभई भविष्यमा समेत यस्ता प्रयासहरु होऊन् भनी घच्घच्याइरहेको छ ।

परम्पराका नाममा अन्धविश्वासी हुनु र आधुनिकताका नाममा भ्रष्ट र छाडा हुनु उस्तै हो । त्यसैले आफ्ना परम्परा, संस्कृति र संस्कारहरूको सूक्ष्म अध्ययन र विश्लेषण गरी कमसल पक्षहरूलाई समयानुकूल परिमार्जन गर्दै राम्रा पक्षहरूलाई सगर्व अनुसरण गर्नुपर्छ । आधुनिकताका नाममा सभ्यताहीन र छाडा प्रवृत्तिलाई प्रश्रय दिनु हुँदैन । बरु समय, स्थान र परिस्थितिअनुरूप आधुनिक प्रविधि, सीप र शैलीलाई संयमतापूर्वक ग्रहण गर्दै जानुपर्छ । यसैमा सबैको भलो छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

शारदा, अक्षर, अभिव्यक्ति, जनमत, जुही, तन्नेरी, दायित्व, दोभान, नागार्जुन, प्रज्ञापन, फित्कौली, बगर, भानु, मनोभाव, यथार्थ कुरा, रचना, वनिता, शब्द-संयोजन आदि पत्रिकाहरु अध्ययन गरी साहित्यिक स्वादको परख गर्नुहोस् ।
सौजन्य : शब्दाङ्कुर

आर्थिक क्षेत्रका गतिविधिहरु थाहा पाउन र आफ्नो व्यापार व्यवसाय बृद्धि गर्न
प्रत्येक हप्ताको विहिवार प्रकाशित हुने उदय आर्थिक पत्रिका पढ्नुहोस् ।

हार्दिक बधाइ

हाम्रा सल्लाहकार डा. गोविन्दराज भट्टराईर्ले अन्तर्राष्ट्रिय नेपाली साहितय समाजद्वारा प्रदान गरिने सर्वोत्कृष्ट पुस्तक पुरस्कार प्राप्त गर्ने हुनुभएकोमा हार्दिक बधाइ प्रकट गर्दछौ ।

शब्दाङ्कुर-परिवार

हार्दिक समवेदना

नेपाली भाषाको पहिलो अनलाइन पत्रिका नेपाली पोस्ट डट कमका सञ्चालक श्री गिरिश पोखरेलकी ममतामयी माता श्रीमती शोभा पोखरेलको असामयिक देहावसान भएकोमा हार्दिक समवेदना व्यक्त गर्दछौ

शब्दाङ्कुर-परिवार

प्राप्ति स्विकार

कालिञ्चोक सन्देश, वर्ष २, अङ्क ५१ र ५४, दोलखा
मितेरी, पूर्णाङ्क ६, काठमाडौा
गौरव, पूर्णाङ्क १६, बैतडी

# समाचार

कृति विमोचित

काठमाडौ । शिवपुरी साहित्य समाजबाट प्रकाशित साहित्यकार विष्णुबहादुर सिंहको सत्रौ कृति 'मैनबत्ती' (चोकासङ्ग्रह) को विमोचन मझेरी साहित्य प्रतिष्ठानको आयोजनामा अध्यक्ष र पुष्प अधिकारी 'अञ्जली' को सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि गजलकार बुद रानाबाट भयो । समारोहमा समीक्षक पुष्कर लोहनीबाट जापानी परम्परामा लेखिने हाइकु, तान्का र चोका एवं सेदोकाका बारेमा चर्चा गर्दै मैनबत्तीले आजको लोडसेडिङलाई चिर्दै नेपाली साहित्यमा प्रकाश छर्ने विश्वास व्यक्त गर्नुभयो । चोकाकार सिंहले आफू विज्ञानको विद्यार्थी भएको नाताले सधैं प्रयोगमा विश्वास गर्ने विशवास दिलाउनुभयो । प्रमुख अतिथि रानाले लेखक सिंहको कृतिमा रहेका चोका सृजनाको प्रशंसा गर्दै जापानी साहित्यलाई नेपाली साहित्यमा भित्र्याउन सिंहको ठूलो देन रहेका बताउनुभयो ।

काठमाडौ । वरिष्ठ समालोचक कृष्णचन्द्रसिंह प्रधानको प्रमुख आतिथ्य वरिष्ठ, समालोचक केशवप्रसाद उपाध्यायको विशिष्ट आतिथ्य तथा नेसंविका उपकुलपति श्री विदुरप्रसाद पौडेलको सभापतित्वमा सम्पन्न एक कार्यक्रममा हरिप्रसाद पाण्डेयलिखित कथासङ्ग्रह 'अनजान' को विमोचन गरियो ।

पुरस्कार घोषणा

अमेरिका । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट प्रदान गरिने पुरस्कारहरुको घोषणा गरिएको छ । जसअनुसार सर्वोत्कृष्ट पुस्तक डा. गोविन्दराज भट्टराईको उत्तरआधुनिक ऐनालाई, गण्डकी अञ्चल स्तरीय क्षेत्रप्रताप अधिकारीको युद्धको छायाँलाई, मेची अञ्चल स्तरीय युवराज नयाँघरको अनाम पहाडमा फनफनीलाई, बालसाहित्य गुहनाथ पौडेलको कपुरी कलाई, बागमती अञ्चल स्तरीय श्रीओम श्रेष्ठ रोदनको नबिर्सने दिनहरूलाई, नयाँ प्रतिभा डा. डिल्लीरमण तिम्सिना डा. दीपक खड्काको च्यात्न नसकेको चिट्ठीलाई, कोसी अञ्चल स्तरीय खगेन्द्र लुइटेलको कविताको संरचनात्मक विश्लेषणलाई, हरिभक्त कटुवाल गीति कमला प्रसाईलाई, हास्यव्यङ्ग्यमा डा. शिवप्रकाश पौडेलको गोलमाललाई, नारायणी अञ्चल स्तरीय रुकु कार्कीको मधुरिमालाई, धौलागिरी अञ्चल स्तरीय होमनाथ सुवेदीको आप्रवाशीका सुसेलीलाई, डिल्लीरमण नारी हस्ताक्षर सर्मिला कार्कीको सानी र जनकपुर अञ्चल स्तरीय शर्मिला शर्माको सम्झनाको झरीलाई प्रदान गरिने भएको छ । समाजको तेह्रौं साधारणसभा तथा १९४ औं भानु जयन्तीका अवसरमा आयोजित पुरस्कार घोषणासभामा सम्पन्न कविता प्रतियोगितामा भगवान् भण्डारी प्रथम, माधव रेग्मी द्वितीय, डिकबहादुर तामाङ तथा पर्ल रेग्मी संयुक्त रुपमा तृतीय हुनुभयो । बालकविता प्रतियोगितामा मुकेश घिमिरे, निकेश घिमिरे र आशिष सिटौला अग्रपङ्क्तिमा थिए । सोही अवसरमा आयोजित अप्रतियोगी कविगोष्ठीमा वसन्त श्रेष्ठ, शाश्वत पराजुली, वासु श्रेष्ठ, कविन्द्र सिटौला, प्रेम सङ्ग्रौला, मञ्जु निरौला, हस्त गौतम, टीका पुन, कुन्जराज थापा, नारायण अधिकारी, डा. सुष्मा आचार्य, सुदीपभद्र खनालगायतका कविहरुले भाग लिनुभयो ।

प्रस्तुति - भवानी श्रेष्ठ

# पाठकीय

सम्पादकज्यू,

कलाकार राजेश मानन्धर छुट्नुभएछ । किन हो ? बुझिएन । समाविष्ट सामग्रीहरु भने शब्दाङ्कुरको आकारप्रकारअनुसार सुहाउँदिला मान्नुपर्छ । पूर्णाङ्क ६३ को 'हाम्रो अभिमत'मा व्यक्त विचारले साहित्यिक पत्रिकाको अस्तित्व जगाउन खेप्नुपरेको पीडालाई स्पष्ट पारेको छ । साँच्चै नै 'काम गर फलको आशा नगर' भन्ने बहुप्रचलित गीतावाणी साहित्यक्षेत्रकै सन्दर्भका लागि पो भनिएको हो कि ?
हसिना श्रेष्ठ, दियाले ४, ओखलढुङ्गा

'मार्गप्रदर्शकहरु नै दिग्भ्रमित भई भौंतारिन थालेको अवस्थामा सही र परिणाममुखी तथा लक्ष्योन्मुख आशाखेती गर्न मुस्किल पर्छ ...', शब्दाङ्कुर ६४ को 'हाम्रो अभिमत'मा व्यक्त यही एउटा वाक्यले राष्ट्रको राजनीतिक दुरावस्थालाई छर्याङ्ग पारेको छ । भन्नेहरु, साहित्यमा राजनीति बोलिनुहुन्न भन्दा हुन्, तर तिनले यसो भनिरहँदा स्वयंले राष्ट्रभक्तिको पाठ बिर्सिरहेका हुन सक्छन् । मिहिन र सघन रुपमा, राष्ट्रको वर्तमान अवस्थालाई प्रस्ट्याउन सफल प्रधान सम्पादकलाई हार्दिक कृतज्ञता ज्ञापन गरौं ।
अनुप श्रेष्ठ, ऐंसेलुखर्क ३, नयाँटोल, खोटाङ